# डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड

मुख्य कार्यालय नारायणगढ, चितवन

फोन नं.: ०५६-५२७९००, फ्याक्स नं.: ०५६-५२३०५६


## लेखा परीक्षण नभएको वित्तीय नतिजा

### आर्थिक वर्ष २०७३/०७४ को चौथो त्रैमासको वित्तीय विवरण

| क्र.सं. | पूँजी तथा दायित्व | यस त्रैमास २०७४ आषाढ | गत त्रैमास २०७३ चैत्र | गत आ.व. २०७३ आषाढ |
|---|---|---|---|---|
| १ | कुल पूँजी तथा दायित्व | ६,०६४,२२४,४०८।७५ | ५,४१७,१३१,६७७।६१ | ४,४५१,३४७,९०६।४८ |
| १.१ | चुक्ता पूँजी | ६०६,१२१,०३५।७५ | ३४८,१९७,१९०।७५ | २५७,९२३,८४५।०० |
| १.२ | जगेडा तथा कोषहरू | ४५१,९८५,७०२।१५ | ३८९,६६३,६३४।५७ | ३३३,३४९,७०९।६९ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | ३,०७२,२२०,७९७।२६ | २,८९७,३८४,४८९।९२ | २,५०८,०७४,२५२।९३ |
| १.५ | निक्षेप दायित्व | १,६७३,६२६,८७९।०० | १,५३०,५४६,६२७।०० | १,१६३,४८९,०९५।०० |
| १.५.१ | समुहगत | १,६७३,६२६,८७९।०० | १,५३०,५४६,६२७।०० | १,१६३,४८९,०९५।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | - | - | - |
| १.७ | अन्यदायित्व | २६०,२६९,९९४।५९ | २५१,३३९,७३५।३७ | १८८,५११,००३।८६ |
| २. | **कुल सम्पत्ति** | **६,०६४,२२४,४०८।७५** | **५,४१७,१३१,६७७।६१** | **४,४५१,३४७,९०६।४८** |
| २.१ | नगद तथा बैंक मौज्दात | ४१२,९५९,९९८।७५ | ११८,३२४,७३९।०१ | ३५८,७४४,०९२।४७ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्तहुने | - | - | - |
| २.३ | लगानी | २,०१०,०००।०० | २,०१०,०००।०० | १०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ५,४४७,८४६,५४०।०० | ५,०६७,७९७,८२०।०० | ३,९२८,०९५,८७१।०० |
| २.५ | स्थिर सम्पत्ति | २३,८७४,२०९।८६ | २१,०६७,८५९।६५ | १९,४१८,४४५।३० |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | १७७,५३३,६६०।१४ | २०७,९३१,२५८।९५ | १४५,०७९,४९७।७१ |
| **३** | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७४ आषाढ** | **गत त्रैमास २०७३ चैत्र** | **गत आ.व. २०७३ आषाढ** |
| ३.१ | ब्याज आम्दानी | ८९१,६४७,५६०।१० | ६३७,५२७,२४७।९६ | ६३६,३५५,६४३।०० |
| ३.२ | ब्याज खर्च | २८६,१८५,७६२।०१ | १८७,१८०,५६८।७० | १६६,२६८,२०७।५९ |
| क. | खुद ब्याज आम्दानी | ६०५,४६१,७९८।०९ | ४५०,३४६,६७९।२६ | ४७०,०८७,४३५।४१ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ७९,९५०,१४४।५९ | ५८,५९५,९३३।७३ | ७०,२१७,७२४।५३ |
| ख | कुल सञ्चालन आम्दानी | ६८५,४११,९४२।६८ | ५०८,९४२,६१२।९९ | ५४०,३०५,१५९।९४ |
| ३.५ | कर्मचारी खर्च | १८४,९१९,७२७।३३ | १२५,९१६,८७९।२३ | १६३,२६३,६३०।८३ |
| ३.६ | अन्य सञ्चालन खर्च | ६३,०३४,७७२।४७ | ४२,१३२,०११।०६ | ४७,९९४,८३४।५० |
| ग | नोक्सानी ब्यवस्था अघिको सञ्चालन नाफा | ४३७,४५७,४४२।८८ | ३४०,८९३,७२२।७० | ३२९,०४६,६९४।६१ |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | ८५,१८८,८८७।०० | ५९,०२५,०६८।०० | ८०,८१०,३४३।०० |
| घ | सञ्चालन नाफा | ३५२,२६८,५५५।८८ | २८१,८६८,६५४।७० | २४८,२३६,३५१।६१ |
| ३.८ | गैर सञ्चालन आम्दानी/खर्च (खुद) | १,१५२,४५१।०० | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्था बाट फिर्ता | ६१,८९३,७६९।०० | ४५,८४९,३६९।०० | ५४,५६६,७३३।०० |
| ङ | नियमित कृयाकलापबाट नाफा | ४१३,००९,८७३।८८ | ३२७,७१८,०२३।७० | ३०२,८०३,०८४।६१ |
| ३.१० | असामान्य कारोवारबाटभएको आम्दानी/खर्च (खूद) | १२६,७९५।०० | ५३,५०७।०० | २२,८९०।०० |
| च | बोनस र कर अघिको नाफा | ४१३,१३६,६६८।८८ | ३२७,७७१,५३०।७० | ३०२,८२५,९७४।६१ |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | ३७,५५७,८७९।०० | २९,७९७,४१२।०० | २७,५२९,६३४।०० |
| ३.१२ | आयकर व्यवस्था | ११२,६७३,६३७।०० | ८९,३९२,२३६।०० | ८२,५८८,९०२।०० |
| छ | खुदनाफा/नोक्सान | २६२,९०५,१५२।८८ | २०८,५८१,८८२।७० | १९२,७०७,४३८।६१ |
| **४** | **अनुपातहरू** | **यस त्रैमास २०७४ आषाढ** | **गत त्रैमास २०७३ चैत्र** | **गत आ.व. २०७३ आषाढ** |
| ४.१ | पूँजीकोष/जोखिम भारित सम्पत्ति | १९।१४ | १४।८१ | १४।९६ |
| ४.२ | निष्कृय कर्जा/कुल कर्जा | ०।७२ | ०।७० | ०।८२ |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/कुल निष्कृय कर्जा | २०९।८३ | २०३।६० | १८७।८१ |
| ४.५ | पूँजीको लागत | ९।०८ | ८।०७ | ५।३१ |
| ४.६ | निक्षेप कर्जा अनुपात | ३०।२६ | २९।७७ | २९।१७ |

**नोटः** सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ नियम २२ उपविनियम (२) संग सम्बन्धीत अनुसूची १४ बमोजिमको

### डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७३/०७४ को चौंथो त्रैमासिक बिवरण

**१. प्रमुख वित्तीय बिवरणः**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरणः** यस बैंकको वासलात, नाफा-नोक्सान सम्बन्धी बिवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छः**

| | |
|---|---|
| प्रति शेयर आम्दानी | रू. ४३।३८ |
| प्रति शेयर बजार मूल्य | रू. १,२८०।०० |
| मूल्य आम्दानी अनुपात | २९।५१ |

| | |
|---|---|
| प्रति शेयर नेटवर्थ | रू. १७४।५७ |
| प्रति शेयर कुल सम्पतिको मूल्य | रू. १,०००।५० |
| तरलता अनुपात | ८।७० |

**२. ब्यवस्थापकीय बिश्लेषणः**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी, र तरलतामा सकारात्मक रूपमा वृद्धि भएको छ ।

**ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरणः** बैंकको ब्यवसायिक योजना तथा लक्ष अनुरूप प्रगति सन्तोषजनक रहनु का साथै आम्दानी तथा तरलताको अवस्था समेत राम्रो रहेको छ । राष्ट्रिय स्तरको यस लघुवित्त विकास बैंकले हालसम्म ५५ जिल्लामा ९० शाखाहरू मार्फत गुणस्तरीय लघुवित्त सेवा प्रदान गरिरहेको र आगामी दिनहरूमा लघुवित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकतामा राखि थप १४ वटा नयाँ शाखाहरू खोलि सो मार्फत लघुवित्त सेवाहरू उपलब्ध गराईने छ। बैकलाई वित्तीय स्रोतमा आत्मनिर्भर बनाउन सदस्यहरूबाट वचत परिचालन गर्न आवश्यक भएकोले उपयुक्त रणनीति बनाई लागु गरिएको छ। बैंकद्वारा प्रदान गरिने सेवाहरूलाई विविधिकरण गर्दै सम्बन्धित सेवा प्रदायकहरूसंगको सहकार्यमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विप्रेशण सेवा तथा वीमा सम्वन्धि सेवाहरू संचालन गरिनेछन् । दातृ निकाय र अन्य संघ संस्थाहरूको सहयोग तथा सहकार्यमा यस बैंकसंग आवद्ध सदस्यहरूको व्यवसायिक क्षमतामा अभिबृद्धि गर्ने र कर्मचारीहरूको कार्यकुशलतामा सुधार ल्याई उत्पादकत्वमा बृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ। यस त्रैमासको अन्त्यसम्ममा बैंकले हासिल गरेको लक्ष तथा प्रगति निम्नानुसार रहेका छनः

| बिबरण | आ.व. २०७३/०७४ | |
|---|---|---|
| | लक्ष्य | प्रगती |
| कुल सदस्य संख्या | १,४८,७७५ | १,३६,०४९ |
| लगानीमा रहेको कर्जा | ५,९०,१७,३९,००० | ५,५३,१२,५९,००० |
| कुल बचत तथा निक्षेप | १,६४,८२,७६,००० | १,६७,३६,२७,००० |

**ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरणः** लघुवित्तहरूलाई बाह्य श्रोतको पहुँचमा संकुचन, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना र कर्जा सदुयोगितामा देखिएका कमी कमजोरी आदि कारणहरूले प्रक्षेपित आम्दानीमा संकुचन हुन गई बैंकको कार्यक्रमलाई असर पार्न सक्छ । तथापी बैंकले तय गरेको रणनीतिका आधारमा बैंक ब्यवस्थापनले उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्न सकेका कारण गम्भिर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्वन्धि बिवरणः** यस त्रैमास सम्ममा बैंक तथा सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धी कुनै मुद्दा दायर भएको जानकारी छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषणः**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः** बैंकको शेयर कारोवारमा समय-समयमा उतार चढाव देखिएता पनि धितोपत्र बजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन र कारोवार संख्या निम्न बमोजिम रहेको छ । (नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com.np मा आधारित)

| अधिकतम मुल्यः | न्युनतम मुल्यः | अन्तिम मुल्यः | कारोवार भएको कुल दिन | कारोवार भएको कुल संख्याः |
|---|---|---|---|---|
| रू. १,६२७ | रू. १,२५० | रू. १,२८० | ५७ | १,२१,५४२ |

**५. समस्या र चुनौतीः**

**क. एउटै क्षेत्रमा संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तार र सोबाट श्रृजना भएको अस्वस्थ प्रतिस्पर्धा ।**

**ख. बजारमा पर्याप्त तरलताको अभाव ।**

**ग. Cost of Fund र संचालन खर्चमा बृद्धि ।**

**घ. भौतिक पुर्वाधारको अवस्था कमजोर वा कमी ।**

**ङ. अप्रत्यासित रूपमा हुनसक्ने प्रतिकुल अवस्था ।**

**६. संस्थागत सुशासनः** नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन सम्बन्धी जारी गरिएका निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत यस बैंकको प्रबन्धपत्र, नियमावली, विनियमावलीको अधिनमा रहि बैंक सञ्चालक समिति र कर्मचारीहरूबाट कार्य सम्पादन हुदै आईरहेको छ ।

**७. सत्य, तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** यस प्रतिवेदनमा उल्लेखित भएको जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरूलाई सु-सूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।